**प्रश्न नं. २४**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. २८०६ देखि २९२७ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

**रामकृष्ण लामाको जाहेरीले नेपाल सरकार**

**विरुद्ध**

**का.जि.का.म.न.पा. वडा नं. २ खुर्सानीटार बस्ने हर्क लामा**

**मुद्दाः ज्यान सम्बन्धी कसूर**

१. मेरो मामाको छोरा सुवास लामालाई निजको भाई हर्क लामाले आफ्नो घरायसी रीस ईविको कारणबाट धारिलो हतियार छुरी प्रहार गरी घाइते वनाएकोले उपचारको क्रममा शिक्षण अस्पताल ल्याएको कुरा थाहा पाई म समेत अस्पताल आउँदा सुवास लामाको मृत्यु भई सकेको, मृतकको वावा, आमा छोराको मृत्यु पश्चात शोकाकुल अबस्थामा भएको हुँदा जाहेरी दरखास्त दिन आएको छु। कानून बमोजिम कारवाही गरिपाऊँ भन्ने समेत व्यहोराको रामकृष्ण लामाको जाहेरी दरखास्त ।

२. चक्रवन्धु लामाको घरको तेस्रो तलामा दराज छेउको भुईमा कालो प्लाष्टिकको विड भएको १ फिट लामो रगत लागेको अबस्थाको चक्कु, वीच तलाको पश्चिम पट्टीको कोठाको ढोका तोडी हेर्दा हर्क लामा बेहोस अवस्थामा रहेका, डाईजेपामको औषधि टेबलेट लगायतका औषधि टेबलेट फेला परेको भन्ने व्यहोराको खानतलासी मुचुल्का ।

३. घटनास्थलमा वा. १२ च २५०२ नं. को ड्राइभर सिटको दाहिने पट्टीको झ्यालको सिसा फुटेको, ड्राईभर सीट समेतमा रगत जस्तो रातो पदार्थ लागेको, गाडी रहेको वीच सडकमा रगतका थोपाहरु भएको, घर कम्पाउण्ड र ढोका देखि सिढी, मुलढोका, खापा, घर, कम्पाउण्डमा आलो रगत वगेको भन्ने समेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का

४. मृतक सुवास लामाको वायाँ छातीमा घोचेको जस्तो घाउ, दाहिने हातको कुहिना भित्र पट्टी ७ इन्ची लम्वाई ३ इन्ची चौडाई अंदाजी २ इन्च गहिरो काटिएको घाउ, दाहिने हातको हत्केलामा १ इन्ची लम्वाईको काटिएको घाउ भएको, दाहिने पट्टी छाती भन्दा तल १ इन्च गोलाईको काटिएको घाउ भएको, अनुहार तथा शरीरमा ठाउँ ठाउँमा रगत लतपतिएको भन्ने समेत व्यहोराको लास जाँच प्रकृति मुचुल्का ।

५. अस्पतालको आकस्मिक कक्षको वेडमा हर्क लामा वेहास अबस्थामा रहेको, निजले लगाएको आकासे रङ्गको मसिनो तेर्सा धर्का भएको सर्टमा रगत जस्तो पदार्थ लागेको, निजले लगाएको घिउ रङ्गको पाईन्टमा रातो रगत जस्तो पदार्थ लागेको सामानहरु परीक्षणको लागि प्रहरीले आफ्नो नियन्त्रणमा लिएको भन्ने व्यहोराको वरामदी मुचुल्का ।

६. अस्पतालमा उपचार भई रहेका हर्क लामा आज अस्पतालवाट डिस्चार्ज भएकोले निजलाई नियन्त्रणमा लिई प्रतिवेदन साथ दाखिल गरेको छु । कानून बमोजिम कारवाही गरिपाऊँ भन्ने समेत व्यहोराको प्रहरीको प्रतिवेदन ।

**प्रश्न नं. २४**

७. मेरो दाजु सुवास लामाले मलाई पहिला देखिनै गाली गर्ने कुटपीट गर्ने जस्ता अमानवीय व्यवहार गर्ने गरेकोले निजलाई मिति २०७६।०८।४ गतेका दिन धारिलो हतियार प्रहार गरी घाईते पारेकोमा उपचार गर्दा गर्दै निजको मृत्यु भएको हो । निजलाई मार्ने नै नियतले धारिलो हतियार प्रहार गरी आफु पनि मर्ने उद्देश्यले बढी औषधी सेवन गरेको कारणवाट वेहोस भएको हुँ भनी प्रतिवादी हर्क लामाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

८. यो घरमा वस्दा सही कुरा गर्दा सवैले छिछि र दुरदुर गर्ने, दाजुलाई गोद्न लगाउने मेरो आमा सवै कुराको कसुरदार हुन भनी प्रतिवादी हर्क लामाले लेखेको घटनास्थलमा फेला परेको कागज ।

९. मैले छोराहरुलाई भिन्नता गर्ने गरेकी थिईन । समान दृष्टिले हेर्ने गरेकी थिएँ । मिति २०७६।०८।०४ गतेका दिन घरमा भएको मौका छोपी जेठो छोरा सुवास लामालाई कान्छो छोरा हर्क लामाले धारिलो हतियार प्रहार गरेको कारणवाट मृत्यु भएको हो, सोच्दै नसोचिएको घटना भएको हो भनी मृतककी आमा सीता लामाले गरेको कागज ।

१०. मिति २०७६।०८।०४ गतेका दिन मेरो जेठाजु सुवास लामाको हात समेतवाट रगत वगेको थियो । मेरो पति हर्क लामाको हातमा धारिलो हतियार छुरी भएको हामी दुई दिदी बहिनीले छुरी खोस्ने प्रयास गरी श्रीमानको हातवाट मैले छुरी खोसेकी हुँ । मेरो श्रीमानले आवेशमा धारिलो हतियार प्रहार गरेको कारणवाट जेठाजु सुवास लामाको मृत्यु भएको हो भनी प्रतिवादी हर्क लामाको श्रीमती सरिता लामाले गरेको कागज ।

११. मेरो श्रीमान सुवास लामा र देवर हर्क लामा वीच करिव डेढ बर्ष अगाडि देखि वोलचाल थिएन । देवरले रिसले मेरो छोरा जन्मे देखि ऐलेसम्म हेर्नु भएको छैन । मेरा पति सुवास लामालाई मारेर वस्छु भनेको धेरै भयो । घरमा झगडा होला भनी सो कुरा मैले कसैलाई भनेकी थिइन । मलाई वारदलीवाट थुक्न, अश्लील शब्द प्रयोग गरी गाली गर्ने गरेकोमा मिति २०७६।०८।०४ गतेका दिन मेरा श्रीमान वाहिर जान लागेको वखत गाडीमा नै छुरी हानी वाहिर आएपछि पनि छुरी प्रहार गरेको कारणवाट मेरो श्रीमानको मृत्यु भएको हो भनी मृतककी श्रीमती रचना लामाले गरेको कागज ।

१२. मृतक सुवास लामाको दाहिने हात समेतमा धार भएको हतियारले काटिएको घाउ भएको, काटिएका घाउहरुवाट अत्याधिक मात्रामा रक्तश्राव भई सुवास अर्यालको मृत्यु भएको हो भन्ने समेत व्यहोराको पोष्टमार्टम रिपोर्ट ।

१३. प्रतिवादीले आफ्नो दाजु सुवास लामालाई मार्ने नै मनसायले आफ्नो साथमा छुरी राखी सो छुरी मृतकको शरीरको विभिन्न भागमा प्रहार गरेकोमा हातको पाखुरा र नाडी (Right Arm and Forearm) मा परेको चोटको कारण मृतक लामाको मृत्यु भएको अबस्था हुँदा निज प्रतिवादी हर्क लामा उपर मुलुकी बमोजिम मुलुकी अपराध (संहिता) ऐन, २०७४ को २०७४ को दफा १७७(१) को कसूर गरेकोले ऐ ऐ को दफा १७७(२) बमोजिम सजाय हुन माग दावी लिएको अभियोग पत्र ।

१४. प्रतिवादीको अदालतमा डिप्रेसनका कारण दाईको हत्या हुन गएको बयान

१५. प्रतिवादीको साक्षी तथा जाहेरवाला समेतको बकपत्र

१६. श्री काठमाण्डौ जिल्ला अदालतको फैसला

१७. श्री उच्च अदालत पाटनमा पेश भएको पुनरावेदनपत्र